# सिद्धार्थ बैंक लिमिटेडको
## बीसौं वार्षिक साधारण सभाको
## काम कारवाहीको विवरण (माइन्यूट)

### १. सभाको काम कारवाही:

मिति २०७८ साल पौष महिना ३० गते तद्नुसार १४ जनवरी, २०२२ का दिन यस सिद्धार्थ बैंक लिमिटेडको बीसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूको अध्यक्षतामा कम्पनी ऐन, २०६३ बमोजिम सम्पन्न भयो । बैंकको बीसौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्युट) देहाय बमोजिम रहेको छ ।

### २. सभाको मिति, समय र स्थान:

मिति : २०७८ साल पौष ३० गते शुक्रबार (तद्नुसार १४ जनवरी, २०२२)

स्थान : सिल्भर ओक बैंडक्वेट, गैह्रिधारा, काठमाडौं ।

समय : बिहान ११:०० बजे ।

### ३. सभाको सूचना र सूचना प्रकाशन मिति:

बैंकको मिति २०७८ साल पौष ०८ गते (तदनुसार २३ डिसेम्बर, २०२१) का दिन बसेको सञ्चालक समितिको ३८६औं बैठकको निर्णयानुसार बोलाईएको यस बीसौं वार्षिक साधारण सभाको लागि बैंकको हाल लागु भईरहेको नियमावली तथा प्रचलित कम्पनी ऐन बमोजिम बीसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयसूची समेत राखी शेयरधनीहरुको जानकारीको लागि मिति २०७८ पौष ०९ गते कारोबार राष्ट्रिय दैनिक र नयाँ पत्रिका राष्ट्रिय दैनिकमा साथै मिति २०७८ पौष १८ गते अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

### ४. सभामा उपस्थिति:

#### ४.१. सञ्चालकहरुको उपस्थिति:

| | |
|---|---|
| १. श्री मनोज कुमार केडिया | अध्यक्ष (भर्चुअल माध्यम मार्फत) |
| २. श्री नरेन्द्र कुमार अग्रवाल | सञ्चालक (भर्चुअल माध्यम मार्फत) |
| ३. श्री राहुल अग्रवाल | सञ्चालक |
| ४. श्री दिनेश शंकर पालिखे | सञ्चालक |
| ५. श्री अंकित केडिया | सञ्चालक |
| ६. श्री मिना कुमारी सैंजु | स्वतन्त्र सञ्चालक |

#### ४.२. पर्यवेक्षकको उपस्थिति :

| | |
|---|---|
| १. श्री चन्दन कार्की | प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि. |
| २. श्री रिकेश श्रेष्ठ | प्रतिनिधि- सिद्धार्थ क्यापिटल लि. |
| ३. श्री रुपेश कुमार निधि | प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय |

#### ४.३. पदाधिकारीहरुको उपस्थिती:

| | |
|---|---|
| १. श्री सुन्दर प्रसाद कडेल | प्रमुख कार्यकारी अधिकृत |

SiddharthaBank

२. श्री रामेश्वर प्रसाद बस्याल — सहायक प्रमुख कार्यकारी अधिकृत
३. श्री शेर बहादुर बुढाथोकी — वरिष्ठ नायब महाप्रबन्धक
४. श्री सृजन कृष्ण मल्ल — प्रमुख- सूचना प्रविधि
५. श्री सुरेशराज महर्जन — प्रमुख- बिजनेश सपोर्ट/पेमेण्ट सोलुसन्स्
६. श्री ज्ञानेन्द्र कार्की — प्रमुख- सामान्य प्रशासन
७. श्री लक्ष्मण घिमिरे — कम्पनी सचिव
८. श्री निराकर बहादुर सिँह — प्रमुख- आन्तरिक लेखापरीक्षण
९. श्री प्रमेश श्रेष्ठ — प्रमुख- वित्त तथा लेखा

## ५. सभाको गणपुरक संख्या:

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | भर्चुअल माध्यम मार्फत | जम्मा उपस्थित शेयरधनी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधी मार्फत | | | |
| १०९,६२२,९९१.९५ | ५८,४८८,३१५.४० | २६ | १८३ | ७२ | २८१ | ५३.३५ |

## ६. सभाको विषयसूची तथा प्रस्तावहरु:

### (क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी सो लाई पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गर्ने ।

३. यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (बहालवाला लेखापरीक्षक श्री जि.पी. राजबाहक एण्ड कम्पनी, चार्टड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)

५. बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को ०.७५ प्रतिशतका दरले रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैंया मात्र) नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव स्वीकृत गर्ने ।

SiddharthaBank

## (ख) विशेष प्रस्ताव

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैँया मात्र) को १४.२५ प्रतिशतका दरले हुने रु. १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैँया मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

२. माथि विशेष प्रस्ताव नं. १ बमोजिम बोनस शेयर जारी गरेका कारण हुने पूँजी वृद्धि लगायतका विषयहरु समावेश गरी बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन/थप/परिमार्जन गर्ने ।

३. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

४. सञ्चालक समितिको मिति २०७८ साल वैशाख १४ गते बसेको ३६९औं बैठकले प्रचलित कानून एवं बैंकको नियमावलीको अधिनमा रहि स्वतन्त्र सञ्चालक पदमा ४ वर्षका लागि श्री मिना कुमारी सैंजुलाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने ।

५. सञ्चालक समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता वृद्धि गरी प्रति बैठक क्रमशः रु. २०,०००/- र रु. १५,०००/- कायम गर्ने ।

६. बैंकले आ.व. २०७७/७८ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५ (१) (ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

७. सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने ( Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger and Acquisition) सम्बन्धी समझदारी पत्र ( Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सो मा हस्ताक्षर गर्ने, लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

## (ग) विविध

### ७. सभाको वैधानिकता:

कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र एवं नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐन एवं बैकको प्रबन्धपत्र तथा नियमावलीको प्रावधान बमोजिम साधारण सभाको गणपूरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनी स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति हुनुपर्ने प्रावधान भएको र बैंकको बीसौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा एवं भर्चुअल माध्यमद्वारा हाजिरी जनाउने शेयरधनीको कुल संख्या २८१ (प्रोक्सी तथा भर्चुअल समेत) एवं कुल शेयरको ५३.३५ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक

Siddhartha Bank

संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक रहेको व्यहोरा कम्पनी सचिवले सभाका अध्यक्षज्यू समक्ष प्रस्तुत गर्नु भयो ।

## ८. सभाको सभापतित्व र सभा संचालन:

कम्पनी ऐन २०६३ र बैंकको प्रबन्धपत्र तथा नियमावली बमोजिम बैंकको सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले यस बीसौं वार्षिक साधारण सभाको अध्यक्षता गर्नु भएको थियो । सभाको वैधानिकताबारे कम्पनी सचिवले जानकारी गराइसके पश्चात् अध्यक्षज्यूले सभाको कारवाही अघि बढाउनु भयो ।

## ९. अध्यक्षज्यूबाट वार्षिक प्रतिवेदन प्रस्तुति:

साधारण सभाको निर्धारित विषय सूची १ मा समावेश गरिएको बैंकको सञ्चालक समितिको वार्षिक प्रतिवेदनको महत्वपूर्ण पक्ष समेटेर तयार गरिएको संक्षिप्त सन्देश सहित बैठकको अध्यक्षता गरिरहनु भएका सञ्चालक समितिका अध्यक्ष श्री मनोज कुमार केडियाज्यूले आफ्नो मन्तव्य राख्नु भयो । तत्पश्चात अध्यक्षज्यूले विषय सूची नं. १ मा समावेश गरिएको सञ्चालक समितिको प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरुमा छलफलका लागि सभामा पेश गर्नु भयो ।

## १०. छलफलको लागि आह्वान:

सञ्चालक समितिको प्रतिवेदन प्रस्तुत भइसके पश्चात् अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषयसूची अनुसार आफ्नो विचार एवं मन्तव्य राखिदिनुहुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष वार्षिक प्रतिवेदन लगायत वित्तीय अवस्थाको विवरण तथा नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरुमा छलफल गर्न आह्वान गर्नुभई सो सम्बन्धी कारवाही अघि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो । तद्अनुरुप कम्पनी सचिवले छलफलमा सहभागी हुन चाहने वक्ताहरुलाई मन्तव्यका लागि आमन्त्रण गर्नुभएको थियो । यस क्रममा निम्न लिखित ८ जना शेयरधनी महानुभावहरुले लिखित मन्तव्य मार्फत एवं भर्चुअल उपस्थिती मार्फत आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो ।

श्री सुनिता भट्टराई
श्री ब्रम्हदेव शाक्य
श्री अशोक उप्रेती
श्री विमल सुवेदी
श्री गुणराज भट्ट
श्री सुवासचन्द्र भट्टराई
श्री देव शर्मा
श्री राजेन्द्र खनाल
श्री अंग राज भारती

कोभिड-१९ को प्रतिकूल परिस्थितिमा पनि संचालक समिति, उच्च व्यवस्थापन तथा कर्मठ कर्मचारीहरुको व्यावसायिक क्षमताको कारणबाट बैंकले उच्च स्तरीय कार्य सम्पादन गरेको विषय प्रशंसनीय रहेको र बैंकले पन्ध्र प्रतिशत लाभांश घोषणा गरेकोमा खुशी व्यक्त गर्दै उपरोक्त वक्ताहरुले आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको

कामनाको लागि शुभेच्छा सहित यस बीसौं साधारण सभाको पूर्ण सफलताको कामना गर्दै निम्न अनुसार राय, सल्लाह, सुझाव दिनुभएको थियो ।

**श्री सुनिता भट्टराई**

- कोभिड-१९ को प्रतिकुल परिस्थितिको बावजुत पनि बैंकले आ.व. २०७७/७८ मा शेयरधनीलाई १५% लाभांश वितरण गर्नु अत्यन्तै सकारात्मक रहेको र आगामी वर्षमा २५% लाभांश बाँड्न सक्षम होस ।
- ऐन नियम भित्र रहेर संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतको रकम पिछडिएको क्षेत्रका गरिब महिलाहरुलाई प्रत्यक्ष लाभ हुनेगरी खर्च गर्नुपर्ने ।
- शेयरधनीलाई प्रत्यक्ष लाभ हुने गरी सबल, बलियो एवं राम्रो संस्थागत सुशासन कायम भएको बैंक तथा वित्तीय संस्थासँग गाभ्ने/गाभिने वा प्राप्ती गर्नुपर्ने ।
- NPL लाई १% मा झार्नु धेरै राम्रो काम भएकोमा बधाई एवं आगामी दिनहरुमा NPL अझ कम गर्न निरन्तर प्रयास गर्नुहोस् ।

**श्री ब्रम्हदेव शाक्य**

- संचालक समितिको अध्यक्षज्यूको संदेश सूचनामूलक, समसामायिक, सारगर्भित एवं उत्साहप्रद छ । कोभिड-१९ को विषम परिस्थितिको कारण शिथिल भएको अर्थतन्त्रमा पनि आ.व. २०७७/७८ मा निक्षेपमा वृद्धि, कर्जा तथा लगानीमा वृद्धि भई मुनाफामा समेत वृद्धि हुनु उत्साहप्रद छ । बैंकले आफ्नो व्यवसाय विस्तारको लागि आधुनिक प्रविधि अपनाउनुका साथै प्राविधिक सुरक्षाका उपाय अपनाउनाले व्यवसाय वृद्धि एवं अप्राकृतिक दुर्घटना हुन बाट जोगाउने काम गरेकोमा बैकलाई धन्यवाद दिनुभयो ।
- बैंकले संस्थागत सुशासनमा अपनाएको नीति नियम तथा अनुपालनको कारण सबै शेयरधनीहरुलाई निर्धक्क राख्न सफल भएकोमा बैंकलाई धन्यवाद दिनुभयो र बैकले आफ्नै स्वामित्वमा कार्यालय भवनहरु बनाउँदै जाँदा अझ बढि ढाडस र सुरक्षा मिलेको बताउनु भयो ।
- वार्षिक प्रतिवेदन सुक्ष्म विश्लेषण सहित विस्तृत विवरण सहितको लिखित दस्तावेजको रुपमा रहेको, गत वार्षिक साधारणसभामा शेयरधनीहरुले दिनुभएको सुझावहरु र त्यसको कार्यान्वयन बारे उल्लेख हुनु प्रतिवेदनको विशेषता रहेको, आगामी दिनमा ७७ वटै जिल्लामा शाखा खोल्ने कार्य गर्नुपर्ने ।
- बैंकिङ्ग शिक्षा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरुमा बैंकको सहभागिता गराउँदै लैजानु पर्ने, सार्वजनिक ठाउँहरुमा शौचालयको व्यवस्था गर्नुपर्ने ।
- बैंकलाई हालको अवस्थामा ल्याउन काम गर्न हुने संचालक समिति, व्यवस्थापन समूह तथा सबै कर्मचारीहरुलाई धन्यवाद, आगामी दिनहरुमा अझ राम्रो प्रगति गरी शेयरधनीलाई राम्रो प्रतिफल दिन सकोस्, शेयरधनीहरुको संचालक समितिसँग र व्यवस्थापनको ग्राहकसँग सुमधुर सम्बन्ध रहि रहोस् भनी शुभकामना दिनु भयो ।

**श्री अशोक उप्रेती**

बैंकको बीसौं वार्षिक साधारण सभाको सफलताको शुभकामना दिदै भर्चुअल तथा भौतिक रुपमा यस सभामा सहभागिता जनाउनु भएका सम्पूर्णमा हार्दिक आभार प्रकट गर्दै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नु भयो ।

SiddharthaBank

**श्री विमल सुवेदी**

- सिद्धार्थ बैंक जस्तो बैंक आफू मर्ज भएर जानु भन्दा अरुलाई आफुमा मर्ज गराएर जाँदा राम्रो हुने ।
- बैंकले यस्तो कोरोनाको विषम परिस्थितिमा पनि १५% लाभांश दिनु राम्रो रहेको र आगामी दिनहरुमा २०% नघट्ने गरी लाभांश बढाएर लैजानु पर्ने ।
- आम्दानीको विभिन्न स्रोतहरु पहिल्याएर काम गर्नुपर्ने र शाखा संजाल विस्तारमा आक्रमक भएर लाग्नुपर्ने ।
- साधारण सभा जति सक्दो चाँडै गर्नुपर्ने ।

**श्री गुणराज भट्ट**

- कोभिड-१९ को कहरका बिचमा पनि १५% लाभांश बाँड्न बैंक सफल भएकोमा अध्यक्षज्यू लगायत बैंक परिवारलाई लाखौं लाख धन्यवाद । कोभिड-१९ बाट निक्षेपकर्ता, ऋणी तथा कर्मचारीको रक्षा गर्दै आगामी वर्ष अझ धेरै लाभांश बाँड्ने योजना बनाउनु पर्ने ।
- बैंकलाई ठूलो बनाउँदैमा मात्र फाइदा हुदैन । तसर्थ धेरै सोच विचार गरेर मात्र छोड्नै नहुने साझेदार फेला पर्यो र बैंकको शर्त मानेको खण्डमा मात्र अगाडी बढ्नु पर्ने ।
- निक्षेपकर्ता तथा लगानीकर्ताको पैसाको पूर्ण सुरक्षाको लागि क्ष्त सुरक्षामा विशेष ध्यान दिनुपर्ने ।
- प्राविधिक तथा वित्तीय विषयमा कर्मचारीहरुलाई आवश्यक तालिम दिन चाँहिदो खर्च गर्नुपर्ने ।
- अनुभवी, तालिम प्राप्त, दक्ष कर्मचारीलाई बैंकमा लामो समय सम्म टिकाई राख्न तलब, भत्ता, सुविधा तथा पदोन्नतिमा विशेष ध्यान दिनुपर्ने ।
- बैंकलाई ग्राहकमैत्री बनाउँदै लैजानु पर्ने तथा ग्राहकहरुसँग सुमधुर सम्बन्ध कायम राख्दै कर्मचारीको व्यवहार राम्रो बनाउनेतर्फ ध्यान दिनुपर्ने ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गरिने खर्च विभिन्न संस्थाहरुलाई छरेर दिनुको सट्टा पिछडिएको क्षेत्र र गरिब परिवारलाई फाईदा पुग्ने गरी एउटा मात्र शिक्षा वा स्वास्थ्य क्षेत्रमा दिँदा त्यसको सकारात्मक असर देखिने ।
- बैंकको बीसौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएको सामान्य र विशेष प्रस्तावहरुको समर्थन गर्दै सभाको पूर्ण सफलताको कामना गर्दछु ।

**श्री सुवास चन्द्र भट्टराई**

- संस्थागत सुशासन राम्रो भई अगाडी बढेको यस बैंकले शेयरधनीहरुलाई १५% लाभांश दिनु भएकोमा मा खुशी छु ।
- यस बैंकको शेयर मूल्य एकदम राम्रो रहेको र न्यून मूल्यमा उच्च प्रतिफलको शेयर भएकोले अरुलाई पनि किन्न सुझाव दिनु भयो ।
- बैंकले २५औं वार्षिक साधारणसभामा २५% लाभांश दिने तरिकाले पञ्चवर्षीय दिर्घकालीन योजना लिएर अघि बढ्नु पर्ने बताउँदै बैंकको उत्तरोत्तर प्रगतिको कामना गनुभयो ।

**श्री देव शर्मा**

- अहिलेको परिस्थितिमा १५.००% लाभांश दिनु राम्रो हो ।
- सिद्धार्थ बैंक अरुमा गएर मर्ज नभई अरु उपयुक्त संस्था गाभेर व्यवसाय फराकिलो पार्दा उत्तम हुन्छ ।

Siddhartha Bank

**श्री राजेन्द्र खनाल**

- Lending को आधारमा मात्रै भविष्यमा आम्दानी नहुने भन्दै आगामी दिनहरुमा बैंकले विभिन्न रणनीतिहरु बनाएर अघि बढ्नु पर्ने बताउनु भयो ।
- Carbon Trading, Green Infrastructure र Inclusive growth का सम्बन्धमा बैंकको के कस्तो विचार प्रष्ट पार्न अनुरोध गर्नुभयो ।

**श्री अंग राज भारती**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यस बैंकले उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह नगरेको तर सोही शिर्षकहरुमा कर्जा असुली गरिरहेको भन्ने आशयको लिखित मन्तव्य राख्नुभएको थियो ।

## ११. छलफलका क्रममा उठेका विषयहरुको जवाफ:

सञ्चालक समितिको प्रतिवेदन, बैंकको आ.व. २०७७/७८ को लेखापरीक्षण प्रतिवेदन लगायत समग्र वित्तीय प्रतिवेदन उपर छलफलका क्रममा शेयरधनी महानुभावहरुले राखेको सुझाव, जिज्ञासा तथा टिप्पणी प्रति हार्दिक आभार व्यक्त गर्दै साधारण सभाको समेत अध्यक्षता गरिरहनु भएका बैंकको सञ्चालक समितिका अध्यक्ष तथा बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको जिज्ञासा एवं टिप्पणी उपर देहाय अनुसार जवाफ दिनु भयो ।

- यस बीसौं वार्षिक साधारण सभामा भर्चुअल माध्यमबाट उपस्थित हुनु भई तथा कम्पनी सचिवको माध्यमबाट आफ्ना महत्वपुर्ण विचार, धारणा राख्नु भई अमुल्य सल्लाह सुझाव दिनु भएकोमा सर्वप्रथम शेयरधनी महानुभावहरुलाई हार्दिक आभार व्यक्त गर्न चांहन्छु । यसरी हाम्रा कमी कमजोरी पहिल्याई दिनुभएको र राम्रो कामको लागि बधाई दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई मुरी मुरी धन्यवाद । नाम टिपाएर पनि आफ्ना मन्तव्य राख्न असमर्थ शेयरधनी महानुभावहरुले बैंकमै उपस्थित भई कम्पनी सचिव मार्फत पनि आफ्ना महत्वपुर्ण सल्लाह सुझावहरु दिन सक्नु हुनेछ ।
- बैंकले संस्थापनकाल देखि नै आफ्नो उच्च मूल्य मान्यता तथा संस्थागत सुशासनलाई शिरोधार्य गर्दै अघि बढि रहेको छ । भविष्यमा आउन सक्ने सुचना प्रविधि तथा मानवीय मूल्य मान्यता सम्बन्धी चुनौतीहरु प्रति बैंक सजग भई अघि बढिरहेको छ ।
- दुई दशकको अन्तरालमानै यो बैंक आम नेपाली माझ एक लोकप्रिय बैंक बन्न सफल भएकोमा सम्पूर्ण सरोकारवालाहरु प्रति कृतज्ञता जाहेर गर्दछौं ।
- गाभ्ने/गाभिने तथा बैंकले अर्को कुनै संस्थालाई प्राप्ती गर्ने (Merger and/or Acquistion) सम्बन्धमा बैंक सजग रहेको र बैंकको मूल्य मान्यताहरुलाई कायम गर्दै उपयुक्त संस्थालाई मर्ज अथवा प्राप्ती गर्दा बैंकलाई फाइदा हुने भएमा मात्र उपयुक्त निर्णय लिनेछौ ।
- आफ्नो जगेडा कोष (General Reserve) बढाएर यस बैंकलाई थप बलियो बनाउने बैंकको उद्देश्य रहेको छ ।
- सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय साक्षरता बढाउने, महिला लक्षित कार्यक्रम समावेश गरियोस्, सार्वजनिक शौचालय जस्ता कार्यक्रमहरु अगाडी बढोस्, बैंकिङ्ग साक्षरतालाई अझ जोड दिईयोस् भन्ने सुझावहरु मननयोग्य सुझाव हुन् । संस्थागत सामाजिक उत्तरदायित्वको सम्बन्धमा बैंक सजग छ । बैंकले राष्ट्र बैंकको निर्देशनहरु अनुरुप सात वटै प्रदेशमा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सञ्चालन गरिरहेको छ र आगामी दिनहरुमा पनि निश्चितरुपले गर्दै जाने छौं । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व

अन्तर्गत स्वास्थ्य क्षेत्रमा पनि कार्य गरको छ र भविष्यमा पनि यस्ता क्षेत्रहरुमा थप लगानी गर्दै प्रभावकारी कार्यक्रमहरुमा सिद्धार्थ बैंकले हातेमालो गर्दै जानेछ । कोभिड-१९ को विषम परिस्थितिमा पनि बैंकले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यहरु अग्रसर भएर गरेको छ ।

- यस बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुपनै उत्पादनशील क्षेत्रहरुमा कर्जा प्रवाह गरिरहेको जानकारी गराउँदछौं ।
- बैंकको हालै प्रकाशित पहिलो त्रैमासिक वित्तीय विवरण अनुसार बैंकले निक्षेप संकलन, कर्जा प्रवाह लगायतका विभिन्न वित्तीय सूचकांकहरुमा बैंक नेपालको क वर्गको बैंकहरु मध्ये ५/६ औं स्थानमा रहि एउटा सबल र विश्वासिलो बैंकको रुपमा स्थापित हुन सफल भएको छ ।
- बैंकले १९ वर्ष पार गरी २०औं वर्षमा प्रवेश गरेको छ । यस अन्तरालमा बैंकले देशभरी तराईका फाँट देखि हिमालको नाम्चे सम्म शाखा संजाल विस्तार गरेको छ । बैंकले १८६ शाखाहरु र ३ एक्टेन्सन काउन्टर सहित १८९ वटा शाखा संजालहरुबाट करिब १५ लाख भन्दा बढी आदरणीय ग्राहकहरुलाई सेवा प्रदान गर्दै समावेशी बैंकको रुपमा स्थापित हुन सफल भएको छ । यसैगरी, बैंकले रिटेल बैकिङ्गलाई जोड दिदै बैंकलाई शहरमुखी मात्र नभई देशको ५५ वटा जिल्लाहरुमा शाखा विस्तार गरेको छ । बैंकले लघु वित्त तथा ११४ वटा शाखा रहित बैंकिङ्ग (BLB) संजालको माध्यमबाट सिमित बैंकिङ्ग सेवाहरु प्रदान गरिरहेको छ । अब बैंकले देशभरी ७७ वटै जिल्लाहरुमा व्यवसायिक सम्भावनाहरुको आधारमा थप शाखाहरु विस्तार गर्दै जानेछ । बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्राथमिक क्षेत्र, उर्जा, महिला लक्षित एवं लघु उद्यमशीलता विकासको क्षेत्रमा लगानी विस्तार गर्दै एक अग्रणी बैंकको रुपमा अहं भूमिका खेल्दै आईरहेको छ ।
- सुचना प्रविधिको सन्दर्भमा बैंकले आफुलाई अब्बल बैंकको रुपमा स्थापित गर्न सफल भएको छ । बैंकले डिजिटल रणनिती, २०२५ कार्यान्वयनमा ल्याईरहेको छ। बैंकले व्यवसायिक कारोबारहरु डिजिटलरुपमा अगाडी बढाउने, ग्राहकहरुलाई डिजिटल माध्यमबाट सरल, सहज एवं सुरक्षित सेवा उपलब्ध गराउँदै आएको छ । बैंकका बैंकिङ्ग कारोबारहरुमध्ये करिब ७२% कारोबार डिजिटल रुपमा भैरहेको सर्हष जानकारी गराउँदछौं । साथै, IT Security लाई थप व्यवस्थापन गर्दै बढी भन्दा बढी कारोबारहरु डिजिटल माध्यमबाट गराई ग्राहक महानुभावहरुले सहज र सरल तरिकाले बैंकिङ्ग सेवा प्रदान गर्न बैंक दत्तचित्त भएर अगाडी बढि रहेको छ ।
- बैंक सबल, सफल, ग्राहकमैत्री एवं उच्च लाभांश दिन सकोस भन्ने यहाँहरुको चाहाना र अपेक्षा अनुरुप सञ्चालक समिति, कर्मचारी र सम्पुर्ण बैंक परिवार कटिबद्ध रहेको विश्वास दिलाउन चाहान्छौं ।
- सिद्धार्थ बैंकको शेयरधनी, ग्राहकको सहयोग, शुभेच्छा एवं आशिर्वाद, संचालक समितिको मार्गनिर्देशन एवं व्यवस्थापन तथा समस्त कर्मचारीहरुको कर्मठ प्रयासले बैंक यहाँ सम्म आई पुगेकोमा सम्पूर्ण सरोकारवालाहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

## १२. सभाको निर्णयहरु:

छलफलमा उठेका सवालहरु उपर सभाको अध्यक्षता गरिरहनु भएका बैंक सञ्चालक समितिका अध्यक्षज्यू तथा बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूको जवाफ पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले निर्धारित सामान्य तथा विशेष प्रस्तावहरु सभाको निर्णयार्थ क्रमश: पेश गर्नु भयो । उक्त प्रस्तावहरु देहाय अनुसार पारित भएका छन् ।

Siddhartha Bank

## (क) सामान्य प्रस्ताव

१. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा यस सिद्धार्थ बैंक लि. को आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

२. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा बैंकको आ.व. २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण र मिति २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको नाफा नोक्सान विवरण, सोही अवधीको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र तत् सम्बन्धी अनुसूचीहरु पारित गरियोस् भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

३. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा यस बैंकको सहायक कम्पनी "सिद्धार्थ क्यापिटल लि." को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण स्वीकृत गरियोस भनी पेश गरिएको प्रस्ताव सभाले सर्वसम्मतरुपमा पारित गर्‍यो ।

४. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०७८/७९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पेश हुँदा बैंकको लेखापरीक्षण समितिको सिफारिश गरेका तीनवटा लेखापरीक्षकहरु मध्येबाट लेखापरिक्षक GP Rajbahak & Co., Chartered Accountants लाई आ.व. २०७८/७९ को लागि बैंकको बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने र पारिश्रमिक वापत Statutory Audit, Tax Audit तथा Long Form Audit Report समेतको लागि एकमुष्ठ जम्मा रु. १२,००,०००/- (अक्षरेपी बाह्र लाख रुपैंया) भ्याट बाहेक तथा अन्य भ्रमण लगायतका अन्य खर्च वापत एकमुष्ठ रु. २,००,०००/- (अक्षरेपी दुई लाख रुपैंया) प्रदान गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

५. सामान्य प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ सम्बन्धमा बैंकको चुक्ता पूँजी १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को ०.७५ प्रतिशतका दरले रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैंया मात्र) शेयरधनीहरुलाई नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) प्रदान गर्ने सम्बन्धी सञ्चालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रुपमा पारित गर्‍यो ।

## (ख) विशेष प्रस्ताव

१. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. १ सम्बन्धमा सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) को १४.२५ प्रतिशतका दरले हुने रु. १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैंया मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. २ सम्बन्धमा विशेष प्रस्ताव नं. १ र ५ बमोजिम बैंकको प्रबन्धपत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन/थप गर्ने सम्बन्धी सञ्चालक समितिको विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

SiddharthaBank

## सिद्धार्थ बैंक लिमिटेडको प्रबन्धपत्रमा

## प्रस्तावित संशोधन/थप/घटको तीनमहले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|
| **५. बैंकको पूँजीको संरचनाः दफा ५ (१) को खण्ड (ख) :** बैंकको जारी पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) हुनेछ । | **५. बैंकको पूँजीको संरचनाः दफा ५(१) को खण्ड (ख) :** बैंकको जारी पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) हुनेछ । | बैंकको हाल कायम चुक्ता पूँजीको १४.२५ प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने प्रस्ताव पेश गरी पारित भएकाले । |
| **५. दफा ५(१) को खण्ड (ग) :** बैंकको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) हुनेछ । | **५. दफा ५(१) को खण्ड (ग) :** बैंकको चुक्ता पूँजी रु. १२,५२,४४,२६,८३१/- (अक्षरेपी बाह्र अर्ब बाउन्न करोड चौवालीस लाख छब्बीस हजार आठ सय एकतीस रुपैंया मात्र) हुनेछ । | बैंकको हाल कायम चुक्ता पूँजीको १४.२५ प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने प्रस्ताव पेश गरी पारित भएकाले । |

## सिद्धार्थ बैंक लिमिटेडको नियमावलीमा

## प्रस्तावित संशोधन/थप/घटको तीनमहले विवरण

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन तथा थप गर्नु पर्नाको कारण |
|---|---|---|
| **३१.१ (क) संचालहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :**<br>(१) प्रति बैठक अध्यक्षलाई रु. १५,००० का दरले र सञ्चालकलाई रु. १२,००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखि बैठकको निर्णय उतार पुस्तिका (माईन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गरिनेछ । | **३१.१ (क) संचालहरुको बैठक भत्ता तथा सुविधा देहाय बमोजिम हुनेछ :**<br>(१) प्रति बैठक अध्यक्षलाई रु. २०,००० का दरले र सञ्चालकलाई रु. १५,००० का दरले बैठक भत्ता उपलब्ध गराईनेछ । भिडियो कन्फेरेन्सिङ्गको माध्यमबाट बैठक बस्दा बैठकको भिडियोको रेकर्ड राखि बैठकको निर्णय उतार पुस्तिका (माईन्यूट) मा स्वयं उपस्थित भई हस्ताक्षर गरेपछि मात्र भत्ता प्रदान गरिनेछ । | सञ्चालकको बैठक भत्ता समय सापेक्ष बनाउन वाञ्छनीय भएकाले । |

३. विशेष प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ३ सम्बन्धमा बोनस शेयर प्रस्ताव गरिएकोमा सो बमोजिम जारी तथा चुक्ता पूँजी वृद्धि लगायतका विषयहरुको कारण बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनमा थप, मिलाउनु पर्ने भएमा मिलाउने, सो संशोधन स्वीकृति एवं अभिलेखको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम मिलाउन तथा संशोधन गर्न सञ्चालक समितिलाई

SiddharthaBank

वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

४. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ४ बमोजिम सञ्चालक समितिको मिति २०७८ साल वैशाख १४ गते बसेको ३६९औं बैठकले प्रचलित कानून एव्म बैंकको नियमावलीको अधीनमा रहि स्वतन्त्र सञ्चालक पदमा ४ वर्षका लागि श्री मिना कुमारी सैंजुलाई नियुक्त गरेकोमा सो नियुक्तिलाई अनुमोदन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

५. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ५ बमोजिम सञ्चालक समितिका अध्यक्ष र सदस्यको बैठक भत्ता वृद्धि गरी प्रति बैठक क्रमशः रु. २०,०००/- र रु. १५,०००/- कायम गर्ने सम्बन्धी सञ्चालक समितिको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो ।

६. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ६ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत देहाय बमोजिमका विभिन्न संघसंस्थाहरुलाई सहयोग स्वरुप प्रदान गरिएका रु. एक लाख भन्दा माथिको अनुदान तथा सहयोग रकम उपलब्ध गराउने सञ्चालक समिति एवं व्यवस्थापनको निर्णयलाई कम्पनी ऐन बमोजिम अनुमोदन गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो :

- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारद्वारा स्थापित कारोना भाइरस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा सहयोग स्वरुप रु. २ करोड ६७ लाख २७ हजार, प्रदेश सरकारद्वारा स्थापित कोषहरुमा प्रत्येक प्रदेशलाई जनही रु. १० लाखका दरले रु. ७० लाख तथा १७ स्थानीय निकाय (१३ गाउँपालिका र ४ नगरपालिका) लाई जनही रु. २ लाखका दरले रु. ३४ लाख गरी जम्मा रु. ३ करोड ७१ लाख २७ हजार आर्थिक सहयोग ।

- कोभिड-१९ रोकथाम तथा नियन्त्रण सहयोगार्थ बैंकको अठारौं वार्षिकोत्सवको उपलक्ष्यमा बैंकको केन्द्रिय कार्यालय एवं सम्पूर्ण शाखा कार्यालयहरुमा स्वास्थ्य सामाग्री तथा मास्क वितरणका लागि रु. ११ लाख २१ हजार ।

- पुस्तकालय निर्माण तथा विकासको लागि समुदाय विकास समिति, सुविधानगर, काठमाडौंलाई रु. ५ लाख आर्थिक सहयोग ।

- प्रदेश नं. १ मा अवस्थित नागरिक केयर सेन्टर, विराटनगर, मोरङ्गलाई सघन कक्ष (ICU) जडानका लागि रु. ५ लाख आर्थिक सहयोग ।

- हेल्प नेपाल नेटवर्क, चाबहिल, काठमाडौंको भवन पुनः निर्माणका लागि रु. ५ लाख आर्थिक सहयोग ।

- नेपाल आँखा अस्पताल, त्रिपुरेश्वर, काठमाडौंलाई रु. ५ लाख आर्थिक सहयोग ।

- बालबालिकाको शिक्षाका लागि नेपाल माउन्टेनियरिङ्ग एसोशियसन, नक्साल, काठमाडौंलाई रु. ३ लाख १६ हजार आर्थिक सहयोग ।

- त्रिभुवन आर्मी अफिसर्स गल्फ क्लब, काठमाडौंमा वृक्षारोपणको लागि रु. २ लाख ७५ हजार आर्थिक सहयोग ।

- त्रिभुवन आर्मी अफिसर्स गल्फ क्लब, काठमाडौंमा पानी टङ्की राख्नको लागि रु. २ लाख ३५ हजार आर्थिक सहयोग ।

SiddharthaBank

- श्री कृष्ण प्रणामी सेवा समिति, मनोहरा, काठमाडौंको भवन पुनः निर्माणका लागि रु. २ लाख आर्थिक सहयोग ।
- Read Information and Resource Center, पुल्चोक, ललितपुरलाई गोरखा जिल्लामा सामुदायिक पुस्तकालय स्थापना गर्न रु. २ लाख आर्थिक सहयोग ।
- जिल्ला जनस्वास्थ्य कार्यालय, सिन्धुलीमा ए.सि. जडान गर्न रु. १ लाख ३२ हजार आर्थिक सहयोग ।
- विराटनगरमा अवस्थित सेरेब्रल पाल्सी चिल्ड्रेन डे केयर सेन्टरका शारीरिक रुपमा अशक्त बालबालिकाहरुको सहयोगका लागि रोट्री क्लब अफ विराटनगरलाई रु. १ लाख २० हजार आर्थिक सहयोग ।

७. विषेश प्रस्ताव अन्तर्गत निर्धारित विषयसूची नं. ७ अन्तर्गत सिद्धार्थ बैंक लि. र अन्य कुनै उपयुक्त बैंक वा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा बैंकले अर्को कुनै उपयुक्त संस्थालाई प्राप्ती (Acquisition) गर्ने सम्बन्धमा बैंकको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन (Due Diligence Audit- DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने र गाभिने तथा प्राप्त गर्ने (Merger & Acquisition) सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र अन्य आवश्यक प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने लगायत मर्जर तथा एक्वीजिसन सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

## (ग) विविध

विविध एजेण्डा अन्तर्गत कुनै विषय नभएको ।

## १३. सभा विसर्जन :

सभाको अन्तमा अध्यक्षज्यूले उत्साह एवं उमंगका साथ लामो समय सम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नु भयो । अध्यक्षज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विषेश प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्नु भयो । सभाध्यक्षले आगामी दिनमा बैंकलाई थप नयाँ उचाईमा पुर्‍याउने गरी आफुहरुले कार्य गर्ने प्रतिबद्धता व्यक्त गर्दै सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । यसैगरी सभाध्यक्षले माघे सङ्क्रान्ति एवं माघी पर्वको शुभकामना दिनु भयो ।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृतले अझ जोस, जाँगरका साथ बैंकलाई थप नयाँ उचाईमा पुर्याउनु हुनेछ र यसमा संचालक समिति सदैव सचेत र जागरुक भई वहाँलाई साथ दिई अगाडि बढ्दै जाने बताउनु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै बीसौं वार्षिक साधारण सभाको कार्यक्रम अपरान्ह १२:३० बजे सभा विसर्जन गर्नु भयो ।

| | | |
|---|---|---|
| ................. | | ................. |
| लक्ष्मण घिमिरे | Siddhartha Bank | मनोज कुमार केडिया |
| (कम्पनी सचिव) | | (अध्यक्ष) |

मिति : २०७८/०९/३०